# गोरखापत्र संस्थान
## धर्मपथ, काठमाडौं ।

# SUV/Light Vehicle (Diesel Engine) १ (एक) थान खरिद गर्ने बारेको सिलबन्दी बोलपत्र आह्वानको सूचना

**बोलपत्र सूचना नं.०२/०७६/०७७**

**(प्रथमपटक प्रकाशित मितिः २०७६/०४/३२)**

यस संस्थानको बोलपत्र फाराममा उल्लेख गरेको स्पेशिफिकेशनअनुसारको SUV/Light Vehicle (Diesel Engine) १ (एक) थान आवश्यक परेकोले डोर डेलिभरी मूल्यमा सप्लाइ गर्न चाहने इच्छुक रजिष्टर्ड फर्म वा कम्पनीहरूबाट सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्र पेस गर्नको लागि संस्थानबाट बिक्री हुने बोलपत्र फाराम रू.३,०००/- (अक्षेरूपी तीन हजार रुपैयाँ मात्र) फिर्ता नहुने गरी संस्थानको खरिद शाखाबाट प्राप्त गर्न सकिनेछ ।

२. सिलबन्दी बोलपत्र पेस गर्दा खाम बाहिर गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं नामले सम्बोधन गर्नुपर्नेछ र SUV/Light Vehicle (Diesel Engine) सप्लाइसम्बन्धी कार्यको बोलपत्र भन्ने प्रष्ट उल्लेख गर्नुपर्नेछ ।

३. सिलबन्दी बोलपत्र पत्रिकामा सूचना प्रकाशित भएको मितिले ३०औँ दिन २०७६/०५/२९ गते दिनको १२:०० बजेभित्र सिलबन्दी गरी श्रीमान् कार्यकारी अध्यक्षज्यू, गोरखापत्र संस्थानको नाममा सम्बोधन गरी संस्थानमा बुझाउनुपर्नेछ । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट बुझाउन सकिनेछ । रीत नपुगेका, सर्तहरू राखिएका तथा म्याद नाघी आएका बोलपत्रउपर कुनै कारबाही गरिने छैन ।

४. सिलबन्दी बोलपत्रसाथ संस्थानले माग गरेको धरौटी रकम (बिडबण्ड) बापतको रकम रू. १,०७,०००/- (एक लाख सात हजार रूपैयाँ मात्र) संस्थानको नेपाल बैंक लिमिटेड, काठमाडौं अफिसस्थित चल्ती खाता नं. ००२००१००५०२४२५००००००१ मा नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा वाणिज्य बैंकहरूको जमानतपत्र बोलपत्रसाथ पेस गर्नुपर्नेछ । बैंक जमानत पत्र (बिड सेक्युरिटी) को समयावधि कम्तीमा बोलपत्र खोलेको मितिबाट १२० दिनको हुनुपर्नेछ ।

५. प्राप्त बोलपत्रहरू सूचना अवधिको अन्तिम दिन अर्थात् २०७६/०५/२९ गते दिउँसो १:०० बजे संस्थानको बैठक कक्षमा बोलपत्रदाता वा निजका प्रतिनिधिहरूको उपस्थिति वा अनुपस्थितिमा पनि खोलिनेछ । उपस्थित प्रतिनिधि अख्तियारनामा सहित उपस्थित हुनुपर्नेछ ।

६. माथि जुनसुकै कुरा लेखिएको भएता पनि बोलपत्रदातालाई कुनै कारण जनाउ नदिइकन पनि बोलपत्र आंशिक वा पूरै मात्रामा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थानसँग सुरक्षित रहनेछ ।

७. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्रमा संस्थानमा उपस्थित भई सम्झौता गर्नुपर्नेछ । उक्त म्यादभित्र उपस्थित नभएमा वा सम्झौता नगरेमा निजको धरौटी रकम जफत गरी सामान खरिद गर्न अर्को व्यवस्था गरिनेछ ।

८. बोलपत्र स्वीकृत भई बोलपत्रदाताले दिएको सामानहरू संस्थानले माग गरेको स्पेसिफिकेशनअनुसारको नभएमा सो सामान संस्थानले बोलपत्रदातालाई फिर्ता गर्न सक्नेछ ।

९. स्वीकृत बोलपत्रदाताले सम्झौता भई सकेपछि कबुलियतबमोजिमको सामान नबुझाएमा संस्थानले सम्झौता भङ्ग गरी धरौटी रकम जफत गर्नेछ । यसरी सामान उपलब्ध गर्दा सम्झौता गरिएको भन्दा जे जति बढी पर्दछ सो बढी रकम बोलपत्रदातासँग असुल उपर गरिनेछ ।

१०. बोलपत्रदाताले यस संस्थानबाट बिक्री गरेको बोलपत्र फाराममा मूल्यसूची, बोलपत्र जमानत, कार्य सम्पन्न आपूर्ति समय तालिका प्रष्टसँग उल्लेख गर्नुपर्नेछ ।

११. बोलपत्रदाताले बोलपत्रको साथमा फर्म दर्ताको प्रमाणपत्र, आयकर, मूल्य अभिवृद्धि कर नवीकरणसमेत भएको प्रमाणित प्रतिलिपि संलग्न राखी लाहाछाप लगाई बुझाउनु पर्नेछ । साथै आ.व.०७५/०७६ सम्मको कर चुक्ताको प्रमाणपत्रसमेत पेस गर्नुपर्नेछ ।

१२. बोलपत्रदाताले आफू कालोसूचीमा नपरेको स्वः घोषित घोषणापत्र पेस गर्नुपर्नेछ ।

१३. यस सूचनामा नपरेको अन्य विषयमा नेपाल सरकारको प्रचलित ऐन नियमबमोजिम हुनेछ ।

**सिलबन्दी बोलपत्रको विवरण**

| सि.न. | सामानको विवरण | पेस गर्नुपर्ने बोलपत्र जमानत रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|
| १ | SUV/Light Vehicle (Diesel Engine) | रू. १,०७,०००/- | रू.३,०००/- |

**नोट**ः यो सूचना गोरखापत्र संस्थानको वेबसाइट **www.gorkhapatraonline.com** मा पनि हेर्न सकिनेछ ।

**खरिद शाखा**

**फोन नंः ४२४४४३७**